NSW Health

# बाल दन्त सुविधा अनुसूची

## अक्सर सोधिने प्रश्नहरू

### बाल दन्त सुविधा अनुसूची के हो?

बाल दन्त सुविधा अनुसूची (Child Dental Benefits Schedule (CDBS)) एउटा कार्यक्रम हो जसले बालबालिका तथा किशोर व्यक्तिहरूलाई आधारभूत दन्त हेरचाहको लागि दुई क्यालेन्डर वर्षमा $१,०२६ सम्मको मेडिकेयर सुविधाहरू प्रदान गर्दछ।

### के मेरो बच्चा CDBS को लागि योग्य छ?

बालबालिका तथा किशोर व्यक्तिहरू CDBS को लागि योग्य हुनेछन् यदि उनीहरू:

- उक्त क्यालेन्डर वर्षमा एक दिनको लागि भएपनि ० देखि १७ वर्षसम्मको उमेरको भएमा
- मेडिकेयरको लागि योग्य भएमा
- Family Tax Benefit Part A (पारिवारिक कर लाभ खण्ड A) प्राप्त गर्ने  परिवारको सदस्य भएमा वा सो बच्चाले Department of Human Services (मानव सेवा विभाग) मार्फत उपलब्ध सूची अनुसार अष्ट्रेलियाली सरकारबाट भुक्तानी प्राप्त गरेमा।

### मलाई किन सार्वजनिक दन्त क्लिनिकमा CDBS उपभोग गर्न एक वित्तीय सहमति फारममा हस्ताक्षर गर्न भनिन्छ?

- यसले सार्वजनिक दन्त सेवा प्रदायकहरूलाई CDBS का लागि योग्य बालबालिकाहरूको लागि मेडिकेयरबाट लाभहरू दाबी गर्न दिन्छ
- यी लाभहरूलाई सेवाहरू सुधार गर्न र दन्त हेरचाहको आवश्यकता भएका थप बिरामीहरूको उपचार गर्न प्रयोग गरिनेछ।

### यदि मैले सार्वजनिक दन्त क्लिनिकमा मेरो बच्चाको सुविधा प्रयोग गरें भने के मलाई कुनै शुल्क लाग्नेछ?

लाग्दैन। एन.एस.डब्ल्यू. सार्वजनिक दन्त क्लिनिकहरूले तपाईंलाई कुनै शुल्क नलाग्ने गरी तपाईंको बच्चाको हेरचाह प्रदान गर्नेछन्। यदि तपाईं अधिकतम $१,०२६ को मेडिकेयर CDBS सुविधा सीमामा पुग्नुभयो भने पनि, अथवा यदि तपाईंको बच्चालाई CDBS मा समावेश नगरिएको उपचारको आवश्यकता भए पनि, ती सेवाहरूको लागि तपाईंसँग शुल्क लिइनेछैन।

### CDBS को बारेमा थप जानकारी म कहाँ जान्न सक्छु?

एन.एस.डब्ल्यू. सार्वजनिक दन्त सेवाहरूमा CDBS को बारे थप जानकारीको लागि निम्न वेबसाईटमा जानुहोस्: health.nsw.gov.au/cdbs



**CDBS को बारेमा सामान्य जानकारीको लागि Department of Human Services वेबसाइटमा जानुहोस्।**

## थप जान्न चाहनुहुन्छ?

हाम्रा कर्मचारीहरूलाई सोध्नुहोस् वा **health.nsw.gov.au/cdbs** मा जानुहोस्।

February 2024 © NSW Health. SHPN  (COHS) 220255-13 Nepali